बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड:७ संख्या: ७ मिति: २०८१/०९/०५

भाग-२


## बर्दिवास नगरपालिका

## आर्थिक सहायता कार्यविधि, २०८१

**प्रस्तावना :**

यस बर्दिबास नगरपालिकामा रहेका आर्थिक रुपले विपन्न, अशक्त, असहाय, जोखिममा परेका, दीर्घ रोगी, हिंसा पिडीत महिला, बालबालिका, बेवास्तामा परेका जेष्ठ नागरिक, प्राकृतिक प्रकोप वा अन्य कुनै विपतको कारण जोखिममा परेका नागरिकको संरक्षणको लागि न्यूनतम आर्थिक सहायता उपलब्ध गराउन वाञ्छनिय भएकोले बर्दिवास नगरकार्यपालिकाले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि बनाइएको छ ।

**परिच्छेद १**

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

१.१यस कार्यविधिको नाम “आर्थिक सहायता कार्यविधि, २०८१” रहेको छ ।

१.२ यो कार्यविधि बर्दिवास नगरपालिकाको कार्यपालिकाको बैठकबाट स्वीकृत भै स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

१.३ "नगरपालिका" भन्नाले बर्दिवास नगरपालिकालाई सम्झनुपर्छ ।

१.४ "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिक रुपले विपन्न, अशक्त, असहाय, जोखिममा परेका, दीर्घ रोगी, हिंसा पिडित महिला बालबालिका बेवास्तामा परेका जेष्ठ नागरिक प्राकृतिक प्रकोप वा अन्य कुनै विपतको कारण जोखिममा परेका व्यक्ति सम्झनु पर्छ ।

१.५ "प्रमुख" भन्नाले बर्दिवास नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

१.६ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बर्दिवास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

## परिच्छेद २

## आर्थिक सहायता सम्बन्धी व्यवस्था

२. उपचार सहायता सम्बन्धी व्यवस्था:

२.१ आर्थिक रुपले विपन्न दीर्घ रोगी(मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क आदी) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नका लागि सम्बन्धित वडाको सिफारिस ,अस्पताल रिपोर्ट तथा नेपाली नागरिक हो भन्ने परिचय खुल्ने कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछ । त्यसरी प्राप्त निवेदनमा जाँचबुझ गरी बढिमा २५ हजार रुपैंया सम्मको आर्थिक सहायता दिन सक्नेछ ।साथै निशुल्क उपचारको लागि समेत सिफारिस गर्न सकिनेछ।

२.२ घरेलु हिंसा, यौनजन्य हिंसाबाट पीडित महिला तथा बालबालिकाको तत्काल उद्दार तथा राहतवापत बढीमा रु. २५ हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

२.३ बाढी, पहिरो आगलागी, महमारीजन्य रोग, दुर्घटना वा यस्तै विपतजन्य घटनाबाट क्षति पुगेको व्यक्ति तथा परिवारको उद्दार तथा राहतको लागी बढीमा रु २५ हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।साथै पीडितको आवश्यकता हेरी अन्य जिन्सी सामान समेत नगरपालिकाले विपद् राहत स्वरुप दिन सक्नेछ ।

२.३ आर्थिक रुपमा विपन्न कुनै परिवारको सदस्यको मृत्यु भएमा काजक्रिया सहायता वापत रु बढीमा २५हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

२.४ बर्दिबास नगरपालिका क्षेत्र भित्र कानुन सम्मत रुपमा दर्ता भइ संचालनमा रहेका संघ संस्थाहरुलाई कुनै परोपकारी कार्य ,धार्मिक प्रकतीका कार्य, सरसफाइ तथा चेतनामुलक कार्य गर्न एवं शिक्षा तथा खेलकुद संग सम्बन्धित कुनै पनि कार्यक्रम गर्नको लागि आर्थिक सहायता माग भएको खण्डमा कार्यक्रम सम्पन्न पश्चात निवेदन बिल भर्पाइ माइन्युट लगायतका अन्य प्रमाणित कागजात प्राप्त भए पश्चात बढीमा रु. २५ हजार सम्म आर्थिक सहायता उपलब्ध

गराउन सक्नेछ ।

## परिच्छेद ३

## विविध

३.१ निवेदनको ढाँचा: आर्थिक सहायता पाउन निवेदन दिनु पर्नेछ तर तत्काल उद्दार तथा राहत दिन आवश्यक भएकोमा कुनै माध्यमबाट नगरपालिकामा जानकारी हुन आएमा निवेदन नपरेको अवस्थामा समेत नगरपालिकाले आफै नगद तथा जिन्सी सहायता यस कार्यविधि बमोजिम सहायता पाउने व्यक्तिलाई उपलब्ध गराउन सक्नेछ ।

३.२ निर्णय गरी सहायता उपलब्ध गराउनु पर्ने:

३.२.१ आर्थिक सहायता सम्बन्धी निर्णय गर्दा रु. २५ हजार सम्मको रकम तत्काल दिनु पर्ने आधार र कारण भएमा नगर प्रमुखको तोकादेश अनुसार उपलब्ध गराइनेछ ।सो रकम भन्दा अन्य अवस्थामा नगरकार्यपालिकाको निर्णयानुसार आर्थिक सहायता उपलब्ध गराइनेछ ।

३.२.२ यस कार्यविधिमा उल्लेख भएको रकमको सीमा भन्दा बढी आर्थिक सहायता उपलब्ध गराउनु पर्ने अवस्था भएमा नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ।

४. सहायता सम्बन्धी बजेट व्यवस्थापन: यस कार्यविधिको अधिनमा रही खर्च गर्ने गरी वार्षिक रुपमा निश्चित रकम नगरसभाबाट विनियोजन भए बमोजिम आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ ।उक्त रकम सम्बन्धित शिर्षकमा अपुग नगरसभाबाट रकम थप गरी खर्च गर्न सकिनेछ साथै आवश्यकता हेरी नगर स्तरीय प्रकोप व्यवस्थापन कोष तथा वडा स्तरीय विपद तथा आपतकालिन कोषबाट समेत खर्च गर्न सकिनेछ ।

५. एक आर्थिक वर्षमा एक पटक आर्थिक सहयोग उपलब्ध गराइएको व्यक्ति, संस्थालाई दोहोरो पर्ने गरी पुन: आर्थिक सहयोग दिइने छैन ।

६. आर्थिक सहयोग प्राप्त गर्नका लागि अनिवार्य स्वास्थ्य बिमा गरेको हुनुपर्नेछ ।स्वास्थ्य बिमा गरेको प्रमाण पेश गरे पश्चात मात्र आर्थिक सहायताको रकम भुक्तानी हुनेछ ।

७. बचाउ: यस आ.व. मा दिइएका आर्थिक सहायताहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

८. कार्यविधि संशोधन: यस कार्यविधिमा प्रचलित कानूनको प्रतिकुल नहुने गरी नगरकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

९. बाधा अड्काउ फुकाउने: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहनेछ ।

आज्ञाले,

राममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

बुद्धभास राजपत्र